व्यास नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
दमौली, तनहु
गण्डकी प्रदेश, नेपाल

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली तनहु गण्डकी प्रदेश नेपाल २०७३

# आ.व. २०८१/०८२ को
# छाब्दी बसपार्क पार्किङ सम्बन्धी
# दरभाउपत्र फारम

राजश्व व्यवस्थापन शाखा
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहु

फारम दस्तुर:१०००.००

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुं
गण्डकी प्रदेश, नेपाल

*प्रथम पटक प्रकाशित मिति २०८१/०४।१४*

## आ.व.२०८१/०८२ को लागि छाव्दी वसपार्क संञ्चालन तथा व्यवस्थापन सम्वन्धी गोप्य दरभाउपत्र आव्हानको सुचना!!!

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ वमोजिम आ.व.२०८१/०८२ को लागी व्यास नगरपालिका कार्यालयले तोकेको दरको आधारमा न्युनतम रकमबाट बढाबढ हूने गरी व्यास नगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शिर्षकहरुमा दभाउपत्र वन्दोवस्त गर्नूपर्ने भएकोले यस सम्बन्धी कार्यको दरभाउपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता तथा आर्थिक बर्ष २०७९/०८० को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपूर्वकको विद्युतीय तथा गोप्य शिलवन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

छाव्दी बसपार्क:

| दरभाउपत्र नम्वर | विवरण | न्युनतम अंङ्क रु. (कर बाहेक) | दरभाउपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. (कर बाहेक) | दरभाउपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| 01/REV/VYASMUN/081/082 | छाव्दी बसपार्क पाकिङ शूल्क संकलन व्यास १२ | ३,००,०००।०० (तिन लाख रुपैया मात्र) | १,०००।०० | ९,०००।० | १५ दिन भित्र |

<u>दरभाउपत्र सम्वन्धी शर्तहरु:</u>

१. शिलवन्दी दरभाउपत्रको हार्डकपीको फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिन मिति २०८१।०४।२८ गते भित्र कार्यालय समय भित्र तोकिएको दस्तूर तिरी दरभाउपत्रदाता स्वंय वा रितपुर्वकको लिखित वारेस पठाई यस कार्यालयको राजश्व व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ । मिति २०८१।०४।२९ गते दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरु मिति २०८१।०४।२९ गते दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुने छन् ।

२. दरभाउपत्रदाताले नागरीकताको फोटोकपी १ प्रति पेश गर्नूपर्नेछ ।

३. दरभाउपत्र खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र व्यक्तिगत स्थायी लेखा नम्वर (मू.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष २०७९/०८० को कर चूक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नूपर्नेछ

४. दरभाउपत्र फारम भरी पेश गर्दा आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड दमौली तनहुं स्थित धरौटी खाता ०६००३००००३०००००००१ मा र दरभाउपत्र फारमको दस्तुर राजश्व खाता नं. ०६००३००००१००१००००१ (शिर्षक नं.१४२२९) रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन सम्म म्याद भएको रितपूर्वकको वैंक जमानी पत्र (विडवण्ड) दरभाउपत्र साथ पेश गर्नूपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

...राम गैरे

५. यसपूर्व यस कार्यालयबाट कूनैपनि कार्यको ठेक्का लिई भुक्तानी गर्न वांकी रहेका व्यक्ति तथा फर्महरु बाट पेश भएको दरभाउपत्रलाई मान्यता दिईने छैन, तर दरभाउपत्र पेश गर्नू भन्दा पहिले फरफारक गरेमा दरभाउपत्र पेश गर्न कूनै वाधा पर्नेछैन ।

६. दरभाउपत्र स्वीकृत भएपछि दरभाउपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८२ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको बैंक जामानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्र सम्झौता गर्दा कवूल अंकको मू.अ.कर(VAT) १३% र अग्रिम आयकर वापतको १.५% रकम जोडी कूल सम्झौता रकम कायम गरिनेछ ।

८. पेश भएका दरभाउपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ ।

९. दोस्रो पक्षले पार्किङ गरेवापत शूल्क अशूल गर्दा प्रथम पक्षले तोकिदिएको तपशिलका दर रेटमा मात्र शूल्क अशूली गर्नू पर्नेछ ।

| क्र.स. | सवारीको प्रकार | पार्किङ शूल्क रु. |
|---|---|---|
| १. | स्थानीय बस | ४०। |
| २. | स्थानीय जिप | ३०। |
| ३. | कार / ट्याक्सी | ६०। |
| ४. | टेम्पो अटो रिक्सा | ३०। |
| ५. | बस / ट्रक | १००। |
| ६. | ट्याक्टर | ४०। |
| ७. | सानो माइको | ५०। |
| ८. | ठूलो माइको | ८०। |
| ९. | मोटर साइकल | १०। |

१०. शूल्क असूली कार्य गर्दा लाग्ने प्रशासनिक एवं अन्य खर्चहरु(रसिद छपाई एवं अन्य) दोस्रोपक्ष स्वयंले आफै गर्नूपर्नेछ । तर प्रथम पक्षद्वारा प्रमाणित रसिद मात्र दोस्रो पक्षले प्रयोग गर्नूपर्नेछ । साथै पार्किङ शूल्कका दररेट सार्वजनिक रुपमा सुचना पाटीमा अनिवार्य रुपमा राख्नूपर्नेछ ।

११. कूनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदी कारण देखाई छूट वा मिनाहाको दावी गर्न पाइने छैन । बसपार्क संचालन तथा शूल्क अशूल गर्दा कूनै विवाद उत्पन्न भएमा दोस्रो पक्ष स्वयंले व्यवस्थापन गर्नू पर्नेछ ।

१२. स्थानीय टोल विकास संस्था, बस व्यवसायी समिति, सामूदायीक सेवा केन्द्र र क्लबहरु संग समन्वय दोस्रो पक्ष स्वयंले गर्नू पर्नेछ ।

१३. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबूझाएमा नगरपालिकाको तर्फबाट दरभाउपत्र तोडी वाकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशूल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईने छ साथै अशूल गर्न वाकी रकममा १०% थप क्षतीपुर्ति समेत जोडी सरकारी बाकी सरह अशूल उपर गरिनेछ ।

१४. स्वीकृत दरभाउपत्र अङ्कको पूरै रकम सम्झौताका बखत एकमूष्ट बूझाउन चाहेमा औचित्य हेरी बढिमा ५% सम्म छूट दिन सकिनेछ ।

१५. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको राजश्व उपशाखा र फोन नं. ०६५-५६३२३३ र ५६०६३२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ
गण्डकी प्रदेश नेपाल

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत

# व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## दमौली,तनहू

यस नगरपालिकाको छाब्दी बसपार्क संञ्चालन तथा व्यवस्थापन सम्वन्धी विद्युतीय तथा गोप्य सिलवन्दी दरभाउपत्र फाराम

श्रीमान् प्रमूख प्रशासकिय अधिकृत ज्यु,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहू ।

यस व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८१।०४।१४ मा प्रथम पटक प्रकाशित यस नगरपालिकामा छाब्दी बसपार्क संञ्चालन तथा व्यवस्थापन सम्वन्धी विद्युतीय तथा गोप्य सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सुचना अनूसार नगरपालिकाले तोकेको शर्तनामाको अधिनमा रही आफूले कबोल गरेको रकम यो दरभाउपत्र फाराममा पेश गरेको छू ।

कबोल गरेको रकम अंक र अक्षरमा

| सि.नं. | विवरण | कबोल गरेको रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १. | छाब्दी बसपार्क संञ्चालन तथा व्यवस्थापन दरभाउपत्र | | |

दरभाउपत्र दाताको दस्तखत:

दरभाउपत्र दाताको नामथर:

ठेगाना:

छाप:

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत